बकैया गाउँकार्यपालिकाको मिति २०७७।०९।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. बालमैत्री बकैया गाउँपालिका घोषणा समारोह सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०७७।०६।१२ गतेको निर्णयअनुसार यस गाउँपालिकालाई २०७७ पौष मसान्त भित्रमा बालमैत्री गाउँपालिका घोषणा गर्ने निर्णय भएकोमा प्रकृयागत समयका कारण २०७७ माघ मसान्त भित्रमा घोषणा गर्ने निर्णय गरियो ।सो प्रयोजनका लागि आवश्यक कागजातहरु स्वीकृतीका लागि मिति २०७७।०९।२५ भित्र जिल्ला समन्वय समिति मकवानपुरमा पुर्याउने निर्णय गरियो ।साथै घोषणा समारोहलाई भव्य र सभ्य बनाउनका लागि गाउँपालिका अध्यक्ष श्री दामोदर खनालको संयोजकत्वमा उपाध्यक्ष, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, स्थानीय तहमा कृयाशिल संघ संस्थाका प्रतिनिधिहरु सदस्य रहने गरि तथा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरि १५१ सदस्यीय मूल समारोह समिति गठन गर्ने र सोही मातहतमा रही कार्य गर्ने गरि तपसिल बमोजिमको संयोजक र सदस्य सचिव रहने गरि आवश्यक थप सदस्य पछि मनोनयन गर्नेगरि उपसमितिहरु गठन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | उपसमितिको नाम | संयोजक | सदस्य | सदस्य सचिव |
|---|---|---|---|---|
| १. | जनपरिचालन उपसमिति | राजन दंगाल | मनोनयन बमोजिम | नारायण चापागाई |
| २. | सूचना सञ्चार उपसमिति | सोम बहादुर तिमल्सिना | मनोनयन बमोजिम | सन्तोष पाण्डे |
| ३. | छपाई, सम्प्रेषण तथा प्रकाशन उपसमिति | लक्ष्मी माया माझी | मनोनयन बमोजिम | फटिकरमण प्याकुरेल |
| ४. | मञ्च, टेण्ट, गेट व्यवस्थापन उपसमिति | दिल बहादुर भोम्जन | मनोनयन बमोजिम | प्रमोद कुमार रिजाल |
| ५. | आर्थिक व्यवस्थापन उपसमिति | लक्ष्मण पुडासैनी | फटिकरमण प्याकुरेल | हरी मिजार रम्तेल |

२. कर्मचारी माग सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा, मकवानपुरबाट यस कार्यालयको पाचौं तहका विभिन्न सेवा समूहको रिक्त पदहरुको विवरण माग गरेकोमा तपसिल बमोजिमको पाँचौ तहका कर्मचारी माग गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँढे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

तपसिल

| क्र.सं. | पद | तह | सेवा | माग पद संख्या |
|---|---|---|---|---|
| १ | प्राविधिक सहायक | पाचौं | कृषि | १ |
| २ | पशु स्वास्थ्य सेवा प्राविधिक | पाचौं | पशु | २ |

३. भूमिहिन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकार, भूमि सम्बन्धि समस्या समाधान आयोग, ताहाचल, काठमाडौं र यस गाउँपालिका बीच भूमिहिन दलित, भूमिहिन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नका लागि भूमि सम्बन्धि ऐन, २०२१, भूमि सम्बन्धि नियमा, २०२१, भूमि सम्बन्धि समस्या समाधान आयोग गठन आदेश, २०७६ र अन्य प्रचलित कानूनमा भएका व्यवस्था अनुरुपको कार्यहरु गर्नका लागि मिति २०७७।०८।२५ गते भएको समझदारीलाई अनुमोदन सो को कार्यान्वयन गर्ने गराउने निर्णय गरियो । र उक्त समझदारी बमोजिम तपशिल बमोजिम भूमि सम्बन्धि समस्या समाधान सहज़ीकरण समिति गठन गर्ने निर्णय गरियो ।

क. गाउँपालिका अध्यक्ष — संयोजक

ख. गाउँपालिका उपाध्यक्ष — उपसंयोजक

ग. स्थानीय तहमा कृयाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधि — सदस्य

घ. कार्यपालिकाका सदस्यहरु मध्येबाट एक दलित महिला सहित दुई जना महिला — सदस्य

ङ. संयोजकले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तिमा १ महिला सहित २ जना) — सदस्य

च. प्रमुख प्रशासकीय अधिकृत — सदस्य सचिव

साथै उक्त समझदारी बमोजिमकै आवश्यक जनशक्ति र पूर्वाधार सहितको "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई" स्थापना गर्ने निर्णय गरियो ।

४. नागरिक आरोग्य सेवा केन्द्र स्थापना सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय तहका वडाका स्वास्थ्य संस्थामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना सम्बन्धि निर्देशिका-२०७७ बमोजिम यस आर्थिक वर्षमा नागरिक आरोग्य सेवा केन्द्र स्थापनाको लागि यस गाउँपालिका छनौट भएकोमा सो को अनुमोदन गर्दै उक्त केन्द्रका लागि हात्तीसुँडे सामुदायिक सेवा केन्द्रमा रहेको कोठा लगायत भौतिक पूर्वाधार उपलब्ध गराउने निर्णय गरियो ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत १२ वटै वडाबाट भरिएको कुल १८०२ जना

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हात्तीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

बेरोजगारको संख्या अनुमोदन गर्ने निर्णय गरियो ।सो कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि यस आर्थिक वर्षबाट योजना बैंक बनाएर सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त योजना बैंकको लागि सवै वडा कार्यालयहरुबाट २०७७ पौष मसान्त भित्र सिफारिश सहित योजनाहरु पेश गर्ने निर्णय गरियो ।

६. सार्वजानिक विदा सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यहि मिति २०७७ साल पौष १० गते इसाई धर्मावलम्वीहरुको महान चाड क्रिसमस डे पर्न गएकोले सो दिन यस गाउँपालिकामा सार्वजानिक विदा दिने निर्णय गरियो ।

७. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम यस गाउँपालिका अन्तर्गतका वडा नं. ३, ४ र ७ मा सञ्चालन गर्ने निर्णय गरियो ।

८. करार सेवामा कर्मचारी नियुक्ती सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ८ र ११ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागि २ जना कार्यालय सहयोगीको आवश्यकता परेकोले यस अघि गाउँ कार्यपालिकाको निर्णय अनुसार विज्ञापन नं. ३ मिति २०७७।०६।११ गतेको विज्ञापन अनुसार उक्त पदमा कर्मचारी माग भई करार नियुक्त गरि वैकल्पिक छनौटमा परेका व्यक्तीहरुलाई नै २०७८ असार मसान्तसम्मको लागि करार नियुक्ती दिने निर्णय गरियो ।

९. स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा कोभिड १९ को महामारीको क्रममा क्वारेन्टाईन, आईसोलेशन, कोभिड अस्थायी अस्पताल तथा खोजी कार्य र ल्यावमा खटिने स्वास्थ्यकर्मीहरुलाई २०७७ श्रावण १ गते देखि नै लागु हुनेगरि सुरु तलव स्केलको ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१०. खोपकेन्द्र भवन निर्माण सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा स्वास्थ्य कार्यालय मकवानपुरवाट एक वटा खोपकेन्द्र निर्माणको लागि वडा तथा स्थान छनौटका लागि अनुरोध भई आएकोमा उक्त खोप केन्द्र यस गाउँपालिका अन्तर्गत वडा नं. ४ को थलीमा निर्माण गर्ने निर्णय गरियो ।

११. बालकोष सञ्चालन सम्वन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस वकैया गाउँपालिकालाई छिटै नै बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिकाको रुपमा घोषणा गर्न लागिएकोमा छैटौं गाउँसभाबाट बालकोष सञ्चालन सम्बन्धि कार्यविधि २०७७ पारित गरिसकिएको र चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा बाल कोषको व्यवस्था शिर्षक अन्तर्गत रु. १०,००,०००।- विनियोजन समेत गरिएकोमा उक्त बालकोष सञ्चालन सम्बन्धि कार्यविधिको व्यवस्था बमोजिम उक्त विनियोजित बजेटबाट जोखिम अवस्थामा रहेका वा आपतकालिन अवस्थामा रहेका गाउँपालिका भित्रका बालबालिकाको संरक्षण गर्न परिचालन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

वामदेव खनाल

Scanned with CamScanner